उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय
सुदूर-पश्चिम प्रदेश-धनगढी, कैलाली-नेपाल

ICIMOD

कैलाश पवित्र भू-परिधि संरक्षण तथा विकास पहल

sawtee



# सुदूरपश्चिम प्रदेशको निर्यात सम्भाव्यता

## प्रारम्भिक आँकलन सम्बन्धि अन्तरक्रिया कार्यक्रम

धनगढी, सुदूरपश्चिम प्रदेश, नेपाल
२०७७ पुष ९

### पृष्ठभूमि

नेपालको सुदूरपश्चिममा रहेको यस प्रदेशको उत्तरतर्फ चीनको स्वशासित क्षेत्र तिब्बत पर्छ भने पश्चिम र दक्षिणमा भारत पर्छ। नेपालको कूल भूभागको करिब १३ प्रतिशत जमिन ओगट्ने यस प्रदेशमा नेपालका तीनै थरि भूभाग पर्दछन् – यस प्रदेशको ४१ प्रतिशत जमिन हिमाली भेग, ३४ प्रतिशत जमिन पहाडी भेग र २५ प्रतिशत जमिन तराईले ओगटेका छन्। अन्य प्रदेशहरूको तुलनामा सुदूर पश्चिम प्रदेश थुप्रै सामाजिक तथा आर्थिक विकास सूचकांकमा पछि परेको छ – यस प्रदेशको जनसंख्याको एक तिहाई भन्दा बढी मानिस गरिबीको रेखामुनि बाचिरहेका छन् भने यस प्रदेशले नेपालको कूल ग्राहस्थ उत्पादनमा जम्मा ७.२ प्रतिशतको मात्रै योगदान गर्दछ।

सुदूरपश्चिम प्रदेशको आर्थिक गितिविधि सेवा क्षेत्रमा केन्द्रित छ। यस क्षेत्रले २०७६ – ७७ को आर्थिक वर्षमा प्रदेशको कूल ग्राहस्थ उत्पादनमा झन्डै ४८ प्रतिशतको योगदान दिएको छ। कृषि तथा वन जन्य उत्पादन सबैभन्दा ठूलो क्षेत्र थियो जसबाट प्रदेशको कूल ग्राहस्थ उत्पादनको ३७ प्रतिशत योगदान आएको थियो भने निर्माण क्षेत्रले ९.७ प्रतिशत योगदान दिएको थियो। प्रदेशको कूल जमिनको जम्मा १६ प्रतिशत मात्रै खेतीयोग्य छ तर प्रदेशको जनसंख्याको झन्डै ८० प्रतिशत मानिसहरू बजारमुखी कृषिमा निर्भर भएकाले कृषि क्षेत्र जीविकोपार्जनको अत्यन्तै महत्वपूर्ण आधार रहेको छ। प्रदेशको झन्डै ६० प्रतिशत जमिन वनजंगलले ढाकिएको हुनाले वनजन्य उत्पादनको महत्त्वपूर्ण स्रोत रहेको छ। गैर काष्ठ वनजन्य उत्पादनले बैतडीमा औसतमा परिवारको कूल वार्षिक आयको १२ प्रतिशत हिस्सा ओगट्छ भने दार्चुला र डडेल्धुरा जिल्लामा २० प्रतिशत सम्म हिस्सा ओगट्छ।

### कार्यक्रमबारे

सुदूरपश्चिम प्रदेशको जीवनस्तर उकास्नमा व्यापारवाणिज्य एक शक्तिशाली साधन बन्न सक्छ। नेपाल सरकारको व्यापार तथा निकासी प्रवर्धन केन्द्रले सुदूरपश्चिम प्रदेशबाट निर्यात सम्भाव्यता भएका केही उत्पादन पहिचान गरेको छ। कैलाश पवित्र भू-परिधि संरक्षण तथा विकास पहल मार्फत सावतीले सुदूरपश्चिम प्रदेशको व्यापार सम्भाव्यताबारे एक अध्ययन गरेको थियो। यस अध्ययनका निष्कर्ष यस कार्यक्रममा प्रस्तुत गरिनेछ।



## उद्देश्य

यस कार्यशालाको उद्देश्य निजि क्षेत्र, सरकारी निकाय, शैक्षिक क्षेत्र र दाता समुदाय आदि सरोकारवालाहरूसँग छलफल मार्फत सुदूरपश्चिम प्रदेशको व्यापार सम्भाव्यता आँकलन अध्ययनका निष्कर्षको पुष्टि गर्नु हो ।

## अपेक्षित नतिजा

- आँकलनका निष्कर्षको पुष्टि
- सरोकारवाला सँग सुझावहरू सँकलन
- सुदूरपश्चिम प्रदेशको व्यापार सम्भाव्यतालाई सुधार्न मार्गचित्र तयार गर्नु

आयोजक : सुदूरपश्चिम प्रदेश उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय, साउथ एसिया वाच अन् ट्रेड, इकोनोमी एण्ड इनभायरोमेन्ट (SAWTEE), कैलाश पवित्र भू-परिधि संरक्षण तथा विकास पहल (वन तथा वातावरण मन्त्रालय, व्यवहारिक विज्ञान तथा प्रविधि अनुसन्धान केन्द्र, अन्तर्राष्ट्रिय एकीकृत पर्वतीय विकास केन्द्र)

**ICIMOD gratefully acknowledges the support of its core donors:** the Governments of Afghanistan, Australia, Austria, Bangladesh, Bhutan, China, India, Myanmar, Nepal, Norway, Pakistan, Sweden, and Switzerland;

© ICIMOD 2020

**International Centre for Integrated Mountain Development**
**T** +977 1 5275222 | **E** info@icimod.org | **www.icimod.org**